गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

वेव : www.sukidahamun.gov.np
इ-मेल : gangadevmun@gmail.com
फोन नं.: +९७७-९८२९५०९२४५

# गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोटः

## मिति २०७५ फाल्गुन २३ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरूः

१. गाउँपालिकाको चालु आर्थिक बर्षमा विनियोजित बजेटबाट गाउँपालिकाको केन्द्रको लागी आबश्यक पर्ने जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम वडा नं. ५ सानडाँडामा जग्गा प्राप्ति गर्नकालागि ऐ.ऐ.ऐनको दफा ५ बमोजिम अनुमति प्राप्त गर्न तथा प्रारम्भिक कारबाही चलाउने अधिकारी तोकिदिनका लागी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौलाइ सिफारीस सहित अनुरोध गरि पत्राचार गर्ने ।

गाउँपालिकाको जग्गा प्राप्तिकालागी चार किल्लाः गंगादेव ५ सानडाँडा क्षेत्रमा देहाय बमोजिम निर्धारण गर्नेः

पुर्वमाः ढुङ्ग्रीगार बाफुखोला, पश्चिममाः माथिल्लो भाङ्गाचौरको डाँडा पटाचौर,
उत्तरमाः सुइनारा खोला निपाने, दक्षिणमाः दुइ नं. वडाको सिमाना

२. गाउँपालिकाको चालु आर्थिक बर्षको बजेटमा समावेश देहायका शिर्षकहरूमा अपुग बजेट देहायका शिर्षकहरूबाट रकमान्तर गर्ने र अनुमोदनको लागी गाउँ सभामा पेश गर्ने ।

| सि.नं. | रकमान्तर गरिने शिर्षक | रकमान्तर रकम | रकमान्तर हुने शिर्षक | रकमान्तर पुर्वको बजेट | रकमान्तर पछिको बजेट |
|---|---|---|---|---|---|
| १ | अन्य सेवा शुल्क (करार सेवा शुल्क) | ५ लाख | सेवा र परामर्श खर्च | ९ लाख ५ हजार | २१ लाख ५ हजार |
| २ | | ७ लाख | अन्य कार्यक्रम खर्च | | |

३. विभिन्न निकाय, कार्यालयहरूबाट बजेट सहित यस गाउँपालिकामा हस्तान्तरण भएका देहायका क्रमागत योजनाहरूको भुक्तानी दिने ।

| सि.नं. | क्रमागत योजनाको नाम | संचालन हुने स्थान | हस्तान्तरण गर्ने निकाय, कार्यालय | योजनाको रकम |
|---|---|---|---|---|
| १ | रिमुल खोला खानेपानी आयोजना | गंगादेव २, ओइलाम | पश्चिम नेपाल ग्रामिण खानेपानी सरसफाइ आयोजना | रू. ७ लाख |
| २ | स्याउबोट झोलुंगे पुल | गंगादेव २ | जि.स.स. रोल्पा | रू. ६,१०,००० |
| ३ | गंगा मा.बि. चौतारा ४ कोठे पक्कि भवन निर्माण | गंगादेव २, जिनाबांग | जिल्ला शिक्षा समन्वय इकाइ | रू. १८, लाख |

४. मिति २०७५ पौस २९ गते गाउँपालिकाका भित्रका अति विपन्न तथा जेष्ट नागरिकहरूलाइ वितरण गरेको न्यानो कपडाको भुक्तानि चालु आ.ब.को बजेट शिर्षक अध्यक्ष गरिवि निवारण कोषबाट दिने ।

५. गाउँपालिकाको नवनिर्मित मोवाइल एप्स तथा अडियो नोटिस बोर्ड सञ्चालन गर्ने ।

६. गाउँपालिकाको शिक्षा समितिको मिति २०७५ फाल्गुन २३ गतेको देहायका निर्णय अनुमोदन गर्ने

क) कक्षा १ देखि ९ सम्मको बार्षिक परिक्षा सञ्चालन गर्ने सम्बन्धि ।

ख) कक्षा ८ को गाउँपालिका स्तरीय बार्षिक परिक्षा सञ्चालनकालागी लाग्ने थप खर्च रू. १,५०,००० अन्य खर्च शिर्षक बाट रकमान्तर गर्ने र अनुमोदनकालागी गाउँ सभामा पेश गर्ने ।

७. हरियाली साना किशान कृषी सहकारी संस्था लिमिटेड गंगादेव गाउँपालिका वडा नं. २ रोल्पाको सहकारी दर्ताको लागी अनुमति दिने निर्णय गरियो ।

८. बिविध सम्बन्धमा,

क) दोस्रो रोल्पा महोत्सवमा गाउँपालिकाको तर्फबाट सहभागी खेलाडीको खर्च चालु बजेटको अध्यक्ष कप रनिङ सिल्ड कार्यक्रम शिर्षकबाट भुक्तानि दिने ।

ख) गाउँपालिकाको ब्याक हो लोडर तथा भाडाको गाडी चालकहरूले खाएको खाना नास्ताको खर्चको भुक्तानि दिने ।

प्रमुख प्रशासकिय अधिकृत

सिजन कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत